# जयप्रकाशमल्लले रणजित्‌मल्ललाई लेखिदिएको भाकापत्र

- धनवज्र वज्राचार्य

कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाश अलि भिन्नै प्रकृतिका व्यक्ति थिए । एक विजिगीषु राजामा हुनुपर्ने निकै गुण उनमा थिए तापनि एक राजनीतिज्ञमा हुनुपर्ने मुख्य गुण दूरदर्शिताको भने उनमा कमी थियो । उनको लक्ष्य र योजना नै त्यति स्पष्ट थिएन । तत्कालको परिस्थितिबाट प्रभावित भई उनी कदम उठाउँथे । उता गोरखाका राजा पृथ्वीनारायण शाह पूर्वतिर बढ्न योजनाबद्ध तरीकाले उद्योग गर्दै थिए ।

आधुनिककालको राजनैतिक इतिहासको दृष्टिले यो संक्रमणकाल अत्यन्त विचारणीय रहेको छ । यस ताकाका घटनालाई वंशावलीको मात्र भर नपरी तात्कालिक स्रोतको आधारमा विश्लेषण गरी अध्ययन गर्नु वाञ्छनीय छ ।

केही काल यता यस ताकाका केही प्रामाणिक स्रोतहरू प्रकाशमा आएका छन् । यसबाट विश्लेषण गर्न केही आधार मिलेको छ । हालै एक अर्को सन्धिपत्र पाइएको छ[1] । ने. सं. ८७८ (वि. सं. १८१५) मा जयप्रकाशमल्लले भक्तपुरका अन्तिम मल्ल राजा रणजित्‌लाई लेखिदिएको भाकापत्र सो हो । अप्रकाशित सो सन्धिपत्र तात्कालिक राजनैतिक अवस्थाको विश्लेषण गर्न उपयोगी हुँदा पाठकको सामु राख्तैछु ।

## मूल पाठ

१. स्वस्ति ।। श्रीमत्पशुपतीत्यादि ।। श्रीश्रीजयजयप्रकाश
२. मल्लदेवसन, श्रीश्रीजियरणजितमल्लदेवस्त भाखाप-
३. त्र चोस्यं दुंता, भाखा थ्वते, ञल, देशन, पूर्व्व खप्व मिल्दो
४. लुँभु आदिन गाम दको, थुम दको, खप्वस्त, उपरान्त
५. ञल देशन पश्चिम, कीर्त्तिपुर आदिन, गाम दक्व, थु
६. मं दको ञ मिल्दो, ञयात, उपरान्त, ञल गलयं
७. जुव कुह्नु, निह्मस्या मतन, गुगुल माल, उगुल या
८. य, थुगुल वाचास, जि मचोनसा, श्री३तलेजु माजु, श्रीकौमारी माजु श्रीगुह्येश्वरी माजु
९. थ्वते देवताया कुद्दष्टि, थुगुलि वाचास चोनसा, थ्वते
१० देवताया सुद्दष्टि, थ्व पत्रया साक्षी, चंद्र सूर्य्य पओ
११. न, पानि, धरत्रि, आकाश, अग्नि।। सं ८७८ आश्विन सु १४ (छेउमा-)
१२. शुभं ।।

# अनुवाद

कल्याण होस्। श्रीपशुपति इत्यादि। श्रीश्रीजयजयप्रकाशमल्लदेवले श्रीश्रीजयरणजित्मल्लदेवलाई लेखिदिएको भाकापत्रको बेहोरा यस प्रकारको छ --

ललितपुर देशको पूर्वपट्टिका, भक्तपुरलाई पाइक पर्ने लुँभु आदि सबै ग्राम, सबै थुम भक्तपुरलाई।

उप्रान्त ललितपुर देशको पश्चिमपट्टिका, कान्तिपुरलाई पाइक पर्ने कीर्तिपुर आदि सबै ग्राम, सबै थुम कान्तिपुरलाई।

उप्रान्त ललितपुर गलेको दिन दुवै (भक्तपुर, कान्तिपुर) को सर-सल्लाह अनुसार जे गर्नुपर्ने ठहर्छ; त्यही गर्ने।

यस वचनमा म रहिनं भने श्री ३ तलेजु माई, श्रीकौमारी माई, श्रीगुह्येश्वरी माई, यी देवताको कुदृष्टि परोस्; यस वचनमा रहें भने यी देवताको सुदृष्टि परोस्।

यस पत्रका साक्षी - चन्द्र सूर्य वायु जल पृथ्वी आकाश अग्नि।

ने.सं. ८७८ (वि. सं. १८१५) आश्विन शुक्ल चतुर्दशी। शुभ होस्।

ललितपुरको विरुद्ध कान्तिपुर र भक्तपुरको बीच भएको यो सन्धि भर्खर हेर्दा अनौठो लाग्छ। यस सन्धिपत्रमा ललितपुर राज्य अन्तर्गतका लुँभु, कीर्तिपुर आदि ग्राम, थुमहरू भक्तपुर र कान्तिपुरले परस्परमा बाँडिलिएको कुरा परेको छ। यसरी लुँभु, कीर्तिपुर आदि यी प्रदेश कान्तिपुर र भक्तपुरले दखल गरिसकेको भान यताबाट पर्छ। परन्तु सत्य कुरा त्यो होइन। उक्त प्रदेश कान्तिपुर र भक्तपुरले दखल गरिसकेका थिएनन्। ललितपुरलाई चेताउनी दिन मात्र त्यसो गरेका हुन्। ललितपुरलाई गाल्न यो कदम उठाइएको हो भन्ने कुरा यस भाकापत्रको तल्लो भागबाट थाहा पाइन्छ।

यस ताका यस्तो चलन नै चलेको थियो। भविष्यमा जित्ने मनसुवा राखिएको तर जितिनसकिएको प्रदेश पनि विधिवत् आफ्ना मान्छेलाई प्रदान गरिन्थ्यो। यस कुरामा धेरै उदाहरण पाइन्छन्। पृथ्वीनारायण शाहले कान्तिपुर वि. सं. १८२५ मा मात्र विजय गरेका हुन्। यसभन्दा पहिले नै यहाँका जग्गा जमीन थामिदिने काम उनले गरेका थिए। वि. सं. १८२२ मा सादुल्लाजी, मोजमजीलाई गरिदिइएको लालमोहरमा "तुम्रा नेपालको घर खेत जति छन्, सभ हामिले माफ गरिबक्स्यौं" भनी लेखिएको छ[3]।

भक्तपुर वि. सं. १८२६ मा मात्र पृथ्वीनारायण शाहले जितेका थिए । तर यसभन्दा अघि नै भक्तपुर अन्तर्गतका जग्गा जमीन उनले थामिदिएथे । भगवतीवनहरूलाई लेखिदिएको वि. सं. १८२३ को लालमोहरमा "भादगाउँको साँघुमूल नागोसि तारको रोपनी १२ खेत डिहिसमेत गोकर्नको खेत मुरि ८०० डिहिसमेत भादगाउँ सहरको रोपनि ४० खेत मठसमेत माफ गरिबक्स्यौं" भनी स्पष्टसँग उक्त कुरा लेखिएको छ[३] । तल प्रसङ्गवश उल्लिखित सन्धिपत्र आदिबाट पनि उक्त चलन प्रचलित रहेको थाहा पाइन्छ ।

राज्यच्युत भई चार वर्षसम्म यताउति लागी फेरि सत्तामा आउन सफल भएपछि जयप्रकाशमल्ल पहिलेभन्दा बढी सावधान र उद्योगशील बनेथे । तर योजनाबद्ध रूपमा काम भने उनीबाट हुन सकेन ।

यसताका गोरखा अगाडि बढ्ने प्रयास गर्दै थियो । दहचोक कब्जा गरेपछि नै पृथ्वीनारायण शाहको दृष्टि कीर्तिपुरमा पर्न थालेथ्यो । किनभने त्यसबेला दहचोक कीर्तिपुरको शिर कहलाएथ्यो[४] । पश्चिमतिरको अवस्था मजबूत पार्नु; भोटसँग सम्बन्ध स्थापित गर्नु ; आर्थिक स्थिति मजबूत पार्न आदि कार्यमा लाग्नुपरेको हुनाले पृथ्वीनारायण शाहले कीर्तिपुरमा आक्रमण गर्ने अवसर पाएका थिएनन् । वि.सं. १८१४ को ज्येष्ठमा मात्र पृथ्वीनारायण शाहले कीर्तिपुरमा आक्रमण गरे[५] ।

कीर्तिपुर ललितपुरराज्य अन्तर्गत पर्दथ्यो । यस कारण कीर्तिपुरमा गोरखाले आक्रमण गर्दा साधारणतः कान्तिपुर तात्नुपर्ने अवस्था थिएन । तर गोरखाले कीर्तिपुर दखल गर्‍यो भने ललितपुरलाई मात्र होइन; कान्तिपुर, भक्तपुरलाई पनि खतरा छ भन्ने महसूस जयप्रकाशमल्लहरूले गरेथे । यस कुराको संकेत वंशावलीमा उल्लिखित "कीर्तिपुर भन्याको नेपालको मुट्टु हो; त्यो गोर्खाले लियो भन्या त तीनै राजाको राज्य गयो; यसलाई अघि हामीहरूले दहचोकमा उक्लन नदिन्या हो; उस बेला हामीले चुक्यौं; आज फेरि कीर्तिपुर लियो भन्या ता हामीहरू सबैलाई मार्‍यो; तसर्थ हामी तीनै राजा भई कीर्तिपुरको गुहार गरी थाम्नु योग्य छ भनी तीनै राजाले मतो बाँधी कीर्तिपुरको मद्दतलाई गया"[६] भन्ने यस वर्णनबाट पनि पाइन्छ ।

कीर्तिपुरको यस पहिलो लडाइँमा गोरखालीहरूको नराम्रोसँग हार भयो । यसरी गोर्खालीहरूलाई हराउनामा जयप्रकाशमल्लको ठूलो हात थियो । यो कुरा पृथ्वीनारायण शाहले राम्ररी बुझे । अनि जयप्रकाशमल्ललाई फुटाई आफ्नो पक्षमा मिलाउने चेष्टा पृथ्वीनारायण शाहले गर्न थाले । त्यसको फलस्वरूप वि. सं. १८१४ पौषमा जयप्रकाशमल्ल र पृथ्वीनारायण शाह बीच एक सन्धि भयो[७] । जयप्रकाशमल्लले पृथ्वीनारायण शाहलाई लेखिदिएको "धर्मपत्र" रूपको सो सन्धि-पत्रको सारांश यस प्रकारको छ-

(१) काठमाडौं र गोरखामा एउटै चास्नीका शुद्ध चाँदीका टक मार्ने,
(२) भोटमा रूपियाँ र मालताल पठाउँदा दुबै राज्यले बराबर पठाउने.....,
(३) भोटसँग व्यापार गर्दा नुवाकोटको बाटोबाट गर्ने ,
(४) काठमाडौं र गोरखामा परस्परमा दूत राख्ने , परस्परमा व्यापार चलाउने ,
(५) मधेस (भारत) बाट प्राप्त हुने सिक्का बराबर बाँडिलिने ,
(६) पाटन गोरखाले खाने, गोरखाले पाटन दखल गरे कान्तिपुरले त्यसमा स्वीकृति दिने.......,
(७) गोरखाले नालदूम काठमाडौंलाई सुम्पिदिने

सात महीना जति पहिले कीर्तिपुर लडाइँमा गोरखालाई साझा शत्रु सम्झी त्यताबाट हटाउन भरमगदूर कोशिश गर्ने जयप्रकाशमल्लले अहिले यसरी 'पाटन गोरखाले खानू ' भनी सन्धि गर्नु भ्वाट्ट हेर्दा बुझिने कुरा होइन ; राजनैतिक दृष्टिले यो कुनै हालतमा पनि दूरदर्शी कदम थिएन । तर नुवाकोटदेखि नालदूमभेकसम्मका व्यापारको दृष्टिले महत्त्वपूर्ण आफ्ना धेरैजसो प्रदेश गुमेका हुनाले जयप्रकाशमल्ललाई ठूलो हानि भइरहेको थियो । यस कारण नालदूम फिर्ता पाइने , भोट र गोरखा आदिसँग व्यापार चल्ने आदि ठूलो प्रलोभनले गर्दा जयप्रकाशमल्ल यतातिर झुकेका हुन् । यो सन्धि लागू भएको भए जयप्रकाश मल्ललाई केही लाभ हुने थियो । तर उनलाई छक्याउनै यो सन्धि गरिएको हुँदा यो सन्धि लागू नै भएन । निश्चित योजना मिलाईकन मात्र पृथ्वीनारायण शाहले यो सन्धि गरेथे । नालदूमभेगका दामोदर पण्डितलाई लेखिएको पत्रमा "जयप्रकाशले घा गरी पठाया छन् तपनी नालदुम छोड्न्या होइन लोलोपोतो नगर्‍या पनि काज बन्दैन" भनी पृथ्वीनारायण शाहले लेखेका हुनाले यसबाट उनको योजनाको संकेत हामी पाउँछौं[८] ।

जयप्रकाश मल्ललाई यसरी फसाएपछि रणजित् मल्ललाई हात लिन पृथ्वीनारायण शाहले अर्को प्रयास गरे[९]। उनको सो दाउ थाहा पाएपछि रणजित् मल्ललाई पृथ्वीनारायण शाहसँग मिल्न नदिन जयप्रकाशमल्लले यो "भाकापत्र" लेखिदिएका हुन् ।

ललितपुरका महत्त्वपूर्ण इलाका बाँडचुँड गरिलिने, ललितपुरलाई गाल्ने लक्ष्य पनि यस सन्धिपत्रमा रहेको थियो । यसताका आन्तरिक गडबडीले गर्दा ललितपुर केही कमजोर रहेको थियो । यस कारण राजनैतिक दाउँपेचको तारो ललितपुरलाई पारिएको हो । भाइ राज्यप्रकाशमल्ल कान्तिपुरबाट ललितपुरमा शरण पर्न गएको र पछि ललितपुरको गद्दीमै उनी राखिएका हुँदा पहिले त जयप्रकाशमल्ल क्रुद्ध भएथे । तर पछि उनले संयमले काम लिए ।

वि. सं. १८१३ मा कालु पाँडेलाई लेखेको पत्रमा जयप्रकाशमल्लले "पाटन भित्र कटक गर्नु छैन, ......भादगाउँ भित्र कटक गर" भनी पाटन प्रति सहानुभूति दर्शाएथे[१०] । परन्तु पृथ्वीनारायण शाहले देखाएको ठूलै प्रलोभनले गर्दा जयप्रकाशमल्लको नीति बदलियो । तर पृथ्वीनारायण शाहको लोलोपोतोको सुइँको पाएपछि जयप्रकाशमल्लले फेरि अर्कै बाटो लिएका हुन् ।

यहाँनिर एउटा अर्को कुरामा पनि दृष्टि पुर्‍याउनु आवश्यक छ । पृथ्वीनारायण शाहसँग सन्धि गरेको बेलासम्म ललितपुरमा राज्यप्रकाशमल्ल राजा थिए । नि. सं. ८७८ (वि. सं. १८१५) आश्विन शुक्ल अष्टमीको दिन राज्यप्रकाश मल्लको मृत्यु भयो । अनि पाटने काजीहरूले विश्वजित्मल्ललाई पाटनको गद्दीमा राखे[११] । त्यसको एक हप्ता पनि नबित्दै जयप्रकाशमल्ल पाटनको विरूद्ध रणजित्मल्लसँग सन्धि गर्न पुगेका हुन् । पाटनलाई गाल्ने दुवै मल्ल राजाको लक्ष्य रहेको थियो । यसबाट राज्यप्रकाशमल्ल पछि पाटनको गद्दीमा बस्ने दावा जयप्रकाशमल्लहरूको पनि रहेको थियो भने संकेत पाइन्छ । पाटने शक्तिशाली काजीहरूले सो दावा नमानेका हुनाले पनि पाटनको विरूद्ध यो कदम उठाइएको देखिन्छ । यसको लगत्तै पछि भने जस्तै विश्वजित्मल्ल मारिँदा जयप्रकाशमल्ल र पछि रणजित्मल्ल पाटनको गद्द्दीमा राखिएको कुरा यस प्रसङ्गमा स्मरणीय छ[१२]।

जे होस् , छिनछिनमा काँचुली फेर्दै गर्ने यस बेलाको राजनैतिक अवस्थाले निश्चित दिशा लिन सकेको थिएन भन्ने हामी थाहा पाउँछौं ।

टिप्पणी -

१. भक्तपुरनिवासी शरद् राजोपाध्यायसँग यस सन्धिपत्रको सक्कल प्रति रहेको छ । डा. तुलसीराम वैद्यमार्फत यसको प्रतिलिपि उतार्ने अवसर पाइएको हो । यसका लागि उहाँहरू दुवैलाई हार्दिक धन्यवाद छ ।

२. नयराज पन्त र अरू, वि. सं. २०२५, "श्री ५ पृथ्वीनारायण शाहको उपदेश" जगदम्बाप्रकाशन, ललितपुर, पृ. १०५७

३. नयराज पन्त र अरू "श्री ५ पृथ्वीनारायण शाहको उपदेश" पृ. ११२९

४. उही , पृ. ८१२

५. उही, पृ. ८१४-८१७

६. उही, पृ. ८१४

७. उही, पृ. ९७३-९७७

८. मोहनप्रसाद खनाल, वि. २०२८, "पृथ्वीपत्र संग्रह" भोलानाथ पौडेल, लुभु ललितपुर, पृ. ९

९. उही, पृ. ९

१०. नयराज पन्त र अरू "श्री ५ पृथ्वीनारायण शाहको उपदेश" पृ. ९६४

११. उही, पृ. ८११-८१३

१२. उही, पृ. ८२२-८२४

